# Asian Centre for Human Rights

C-3/441-C, Janakpuri, New Delhi-110058, India
Tel/Fax: +91-11-25620583, 25503624
Website: www.achrweb.org; Email: achr_review@achrweb.org

Embargoed for: 12 April 2005

## नेपालको प्रजातान्त्रिक आन्दोलनलाई कमजोर गर्ने अर्न्तराष्ट्रिय भूमिका

मानव अधिकार सम्बन्धि राष्ट्रसंघिय आयोगको ६१औं बैठक धारा ९ अर्न्तगत देशको अवस्थाको विषयमा समय सिमा निर्धारण गर्दै औपचारीक प्रस्ताव पारीत गरि यहि मार्च ११ तारेख ,२००५ को ३ वजे सकिदैछ।तर नेपालको मानवअधिकारको सम्बन्धमा एउटा देशको प्रस्ताव अत्यन्तै फितलो देखिन्छ। भारतले प्रजातन्त्रको पुर्नस्थापनाको साथै राजनितिक बन्दिहरुको रिहाको कुरा उठाए पनि नेपालको समस्या समाधानमा गढबढपुर्ण मौनता देखाएको छ। अमेरिकाले पनि औपचारीक हतियार विक्रिमा वन्देज लगाउन चुकि रहेको छ। र पनि नेपाली सेना संग सैन्य तालीम कार्यकम रद्ध गरेको छ। //१// अमेरीकाले नेपालको समस्या समाधानमा स्वीजरल्याण्ड र डेनमार्कको जस्तो सहयोगि भुमिका निभाएका छैनन् जवकी उनीहरुले मानव अधिकार सम्वन्धि राष्ट्रिसंघिय आयोगमा फेव्रवरी १ को सत्तापलटको विरुद्ध वहसको लागि कुरा उठाएका छन्।

कुटनीतिक स्रोतहरुले जनाए अनुसार अमेरीकी राजदुतले नेपालमा प्रजातन्त्रको पुर्नवहालीको निम्ति अप्रील ८ को समय सिमा भित्र राजनितिक नेताहरुको रिहाई र प्रेश स्वतन्त्रता कायम गर्न वा धारा ९ अर्न्तगत हुने प्रस्तावको सामाना गर्न राजा ज्ञानेन्द्रलाई भनेका थिए। राजा ज्ञानेन्द्रले अमेरीकी राजदुतलाई विस्वसत बनाएको एउटा भागको रुपमा गिरीजा प्रसाद कोईरालालाई अप्रील १,सन् २००५ मा रिहा गरेका छन्। नया दिल्लीले तत्काले यस्को स्वागत गरेको छ। तर ३ अप्रिल सन् २००५मा नेपाल प्रहरीले नेपाल विध्यार्थी संघ (नेपाली कांग्रेसको भात्री विध्यार्थी संगठन)का उपाध्यक्ष प्रदीप पौडेल र अर्का नेता धर्म खनाललाई गिरीजा प्रसाद कोईरालाको निवासबाट पकाउ गरि राजा ज्ञानेन्द्रको प्रजातन्त्र प्रति उनको रवैयाको चित्रण गराएका छन्। यसले के देखाउछ भने राजा ज्ञानेन्द्रले ८ अप्रील (आफुले दिएको समय भित्र )सम्म माधव नेपाल र अन्य नेताहरुलाई रिहा गरी प्रेश स्वतन्त्रताको वहाली गरे पनि कनै पर्ण प्रजातन्त्र पुर्नवहालीको आशा गर्ने कारण छैन्। अर्न्तराष्ट्रिय समुदायले सडकका राजनीतिक दलहरुमा एकताको अभाव र भ्रष्टचारको कारणले जन विस्वास नभएको आरोप लगाएका छन्। यी आरोपहरुमा केही सत्यता रहे पनि अर्न्तराष्टिय समुदायले नेपालको प्रजातान्त्रिक आन्दोलनलाई कमजोर बनाउने भुमिकाको काम गरेका छन् जस्ले राजा ज्ञानेन्द्रको निरङकुस शासनलाई बल प्रदान गरेको छ।

अर्न्तराष्टिय समुदाय सन् २००२, मे २२मा संसदभंग र सन् २००२ को अक्टोवर ४ मा शेर वहादुर देउवा सरकारको विगठनको मौन साक्षी रहेका छन्। मुख्यतया अप्रिल -मे सन् २००४मा नेपाली कांग्रस,एमाले,जनमोर्चा नेपाल,नेपाल मजदुर किसान पार्टी ,र नेपाल सदभावना पार्टी (आनन्दी देवी ) संलग्न पांच पार्टीहरुले राजा ज्ञानेन्द्र विरुद्ध प्रतिगमन विरोधी आन्दोलन चलाएका थिए। त्यसवेला अमेरीकी ,वेलायती र भारतीय राजदुतले पांच पार्टीका नेताहरुलाइ उनीहरुको कार्यक्रमले माओवादीलाई बल पुग्ने कारण देखाएर राजासंग संवाद गर्न सल्लाह दिए। वस्तवमा राजा ज्ञानेन्द्रले भारतका तत्कालीन रानदुत तथा हालका विदेश सचिव श्याम शरण संग माधव नेपाल र गिरिजा प्रसाद कोइरालालाई प्रधान मन्त्री स्वीकार्न नसकिने कुरा भनेका थिए।- //२// त्यसैले शेर वहादुर देउवा प्रधान मन्त्रीमा नियुक्त भए र त्यो अप्रजातान्त्रीक भुमिकालाई अर्न्तराष्टिय समुदायले स्वीका-यो पनि।

अमेरीका ,वेलायत र भारतले माओवादी दोण्दलाई समाधान गर्न शान्तिको उपर्यक्त उपाय अवलम्वन नगरी सरकारलाई हतियार उपलब्ध गराएर सहयोग पु-याएका थिए। वस्तवमा माओवादी र सरकार वार्ताको एजेण्डामा कहिल्यै प्रवेश गरेनन्। जस्को महस ुस पनि गरिएको छैन।वार्ताको एजेण्डा २००३ को अगष्टमा जव गहिराइमा पुग्यो १७ अगष्ट २००३मा शाही नेपाली सेनाले शान्ति वार्ता भंग गराउनको निम्ति दोरम्वा हत्याकाण्ड घटायो। यो कुरा स्पष्ठ छ की नाराणहिटी दरवार माओवादीसंगको शान्ति वार्ताको विपक्षमा छ। माओवादी दोण्दको निरन्तरताले राजा ज्ञानेन्द्रको हस्तक्षेपलाई वैधता दिएको छ। नेपालको दोण्द निरुपणमा तेस्रो पक्षको संलग्नता र माओवादी समाधानमा अर्न्तराष्टिय समुदायको भुमिकालाई भारतीय विरोधले गर्दा राजा ज्ञानेन्द्रलाई नै सहयोग पुगेको छ। अप्रिल ५, सन् २००५मा माओवादीले मानवअधिकार उल्लंघनको छानवीनमा अर्न्तराष्टिय अनुगमन टोलीको माग गरेको छ।

नयांदिल्ली र अर्न्तराष्टिय समुदाय प्रजातन्त्र पुर्नस्थापना र बन्दीहरुको रिहाको विषयमा सीमा बद्ध छन्। जव भारत नेपालको समस्या समाधानमा केन्द्रीय भुमिका निभाउन चाहन्छ तर उस्का अगाडी विकल्पहरु देखिदैनन्।

नया दिल्लीलाई चोट पु-याउने किसिमले १७ मार्च सन् २००५मा नेपालको विदेश मन्त्रालयले ताइवानको सम्बन्धमा चिनिया नीतिको खुलेर समर्थन गरेको छ। ताईवानकाृ स्वतन्त्रतामा उस्ले जोड दिएमा चिनले शक्ति प्रयोग गर्न सक्ने कानुन् तयार गरेको छ *//३//*

चिनिया विदेश मन्त्री लि भ्फाङभ्फीङको ३१ मार्च सन् २००५ को काठमाण्डौ भ्रमण पछि काठमाण्डौ के कुरामा विस्वस्त छ भने राजाको चिन भ्रमणको क्रममा वाओ फोरम फर एशिया(BAO)को वार्षिक मिटिङ २२-२४ अप्रिल सन् २००५मा सहभागिता र सैनिक सहायता सम्वन्धि *//४//* पाकिस्तानी अधिकारीहरुको भनाईले नया दिल्लीको प्रजातान्त्रिक शक्तिहरुको सर्मथन र अडानमा बाधा ल्याउनेछ।

अर्न्तराष्टिय समुदायसंग नेपालमा प्रजातन्त्र पुर्नस्थापनाको एजेण्डा वाहेक माओवादी दोण्द समाधानमा रोडम्याप छैन र नेपालमा मानवअधिकारको अवस्थालाई देशको समस्या राखेर राखेर छलफल गर्न पर्नेमा राजनीतिक वन्दिहस्को रिहाई र प्रेश स्वतन्त्रताको कुरा गरेर मात्र अर्न्तराष्टिय समुदायले राजा ज्ञानेन्द्रको निरङकुस सत्तालाई विभिन्न तवरले वैधता दिने प्रयत्न गरेका छन्। एउटा देशको समस्या नेपालको सहयोग विना अर्थ राख्दैन तर यो सत्ता पलटलाई अर्न्तराष्टिय क्षेत्रबाट अस्वीकार्य भएको देखाउछ।

यो रिर्पोटले नेपालमा उस्को अवस्थामा कुनै सुधार नभएको देखाउछ। शाही नेपाली सेना र अन्य सुरक्षा फौजले निरन्तर गैरन्यायिक हन्या गरेर मानव अधिकारको निरन्तर उलंघन गरि रहेकोृ छ। गएको मार्च सन् २००५मा तीन विद्यार्थीहरु नारायण बहादुर कनाउजी (१७), तेक बहादुर गाहा (१५)र दल बहादुर दरलामी (१५) लाई तानसेन सदरमुकाम नजिकै राजमार्गमा सादा पाषाकका सुरक्षा कर्मीहरुले माओवादीको आरोपमा गोली हानी हत्या गरे। पिडितहरु एनीहरुको स्कुल ड्रेसमा गाडी र यात्रुहरुसंग फागुपुणिमा मनाउन चन्दा अशुलीरहेका थिए । नेपाल अधिराज्यमा काठमाण्डौ उपत्यका केही हदसम्म सुरक्षित देखिन्छ । मार्च ३, सन् २००५ देखिको माओवादी वन्दले व्यापार र यतायातमा असर पु-याएको छ । तर राजधानीको जनजीवनलाई खासै असर पुगेको छैन । काठमाण्डौको आपुर्तिलाईन खुल्लै रहेको र उपत्याका वर परका भागहरुमा खासै कैही फरक परेको छैन । अप्रिल ३,सन् २००५मा शाही नेपाली सेनाले जनाए अनुसार ८०० भन्दा बढी यातायातका साधनहरु सुरक्षा दिएर पृथ्वी राजमार्ग पार गराएका थिए । *//५//* अपिल ५, सन् २००५मा निजी स्वामित्वका भारतीय आयल निगमसंग सहकार्य नगरेको आरोपमा पश्चिम क्षत्रीय कार्यालयले रोड परमीट खारेज गरेको छ। *//६//*

नेपालको दुर्गम क्षेत्रहरुमा माओवादी सम्बन्धि मानवीय आपतका रिपोर्टहरु शाही सेनाको पुर्व अनुमती वीना आएका छैनन्। भरततर्फ प्रवेश गरी रहेका नेपालीहरुको भीडले के देखाउछ भने नेपालमा मानवीय समस्या सृजना भइरहेको छ । भ्फण्डै ३०० नेपालीहरु धानगारावा प्वाइन्तवाट मात्रै दैनिक भारत तीर सीमा पार गरीरहेका छन् । *//७//*

राजा ज्ञानेन्द्रले निरन्तर दबाएर मत्भेद् गरिरहेका छन् र मार्च २५,सन् २००५ सुरक्षा फौजले प्राध्यापक कृष्ण खनाललाई र डा. कृष्ण हाछेथुलाई त्रिभुवन अ.रा. विमानस्थलबाट दिल्ली जानलाई रोकेका थिए ।उहाहरु दिल्लीहुदै गोवाको एक सम्मेलनमा भागलिन आउदै हुनुहुन्थ्यो ।अप्रील ५,सन् २००५ मध्यान्ह सुरक्षा अधिकारीहरुले त्रि.अ.रा.वि.मा ३ राजनीतिज्ञहरु पुर्व सांसद एमालेका केन्द्रिय नेता प्रदीप ज्ञवाली,रा.प्र.पा.का सह महामन्त्री खेमराजपण्डित र नेपाली कांग्रस(प्रजातान्त्रिक)का प्रवक्ता

डा. मिनेन्द्र रिजाललाई कोलम्वोको एक कार्यक्रममा जानलाई रोकेका थिए ।प्रेश स्वतन्त्रतामाथि पुर्ण वन्देजलाई नियमित गर्दै झण्डै एक दर्जन पत्रकारहरु लभदेव ढुङगाना(पांचथर),गोपाल बराइली -धनकुटा),मनोहर पोखरेल र अर्जन शाह (सप्तरी) ,रिसिराम पोखरेल (तनहु),डि. आर. पनत (डडेल्धुरा),सरद अधिकारी -दाङ),गणेश लामा र सुर्य थापा -काठमाण्डै) ,र मधुआचार्य (काभ्रे) हिरासतमा छन्। ॥८॥ न्यायपालिका र राष्टिय मानवअधिकार आयोगले गहिरो किसिमले दर्जनौं हिंसाका घटनाहरुका सम्वन्धमा केही भन्न सकेका छैनन् ।

अझै भारत लगाएत अनर्तराष्टिय समुदायले नेपालको समस्यालाई इङगीत गर्दै उस्को राष्टिय संयन्त्रलाई सहयोग गर्न हिचकिचाएको देखिन्छ जस्ले गर्दा धारा १९ अर्न्तगत मानव अधिकार संबन्धि राष्ट संघीय आयोगको ६१ यो वैठकमा प्राविधिक सहयोग सम्बन्धि प्रस्ताव पारीतको सुझाव रहन्छ । मानवअधिकार आयोगको अवधि मे सन् २००५ सम्ममा सकिन्छ र धेरै सदस्यहरुको सदस्यता नविकरण हुने छैन ।मानवअधिकार आयोगका सदस्यहरुले राष्टसंघिय मानवअधिकार आयोगमा उपस्थित भएर नेपालमा मानव अधिकारको अवस्थाको स्पष्ठ र सत्य भन्नेछन् र सजिलै नेपाल फर्कन सक्छन् भन्ने कुनै ग्यारेण्टी छैन। अप्रील ४ ,सन् २००५ मा १० वटा मुख्य मानवअधिकारवादी संघ संस्थाहरुले राष्टिय मानव अधिकार आयोगको अप्रिल १ को अपुर्ण वक्तव्यले कपिलवस्तुमा सुरक्षा समुहहरुबाट घटाइएको मानवअधिकार उल्लंघनको घटनालाई सहयोग पुग्ने किसिमले आफ्नो सुझाव दिएको थियो । ॥९॥

सर्वोच्च अदालत पनि रा.मा आ. जस्तै अधिनमा रहेको छ र रा.मा.आ.ले नयायपालिकाको काम गर्न सग्दैन । न्याय पालिका जब बेकम्मा हुन्छ ,रा.मा.आ.ले काम गर्ला भन्ने आशा हुदैन । जब अर्न्तराष्टिय समुदाय निस्कृय हुन्छ त्यतिखेर रा.मा.आ.ले आफु एक्लै अघि बढ्न सग्दैन र उही रेखामा उभिन सक्छ । राजाले नराम्रो छवीको चिनारी दिएका राजनीतिक दलहरुमाथि अर्न्तराष्टिय समुदायलाई आरोप लगाउन सजिलो हुन सक्छ ।तर अर्न्तराष्टिय समुदायलाई नेपालमा आफ्नो भुमिका निभाउने समय आएको छ ।

---

*टिप्पणीहरु*

*॥१॥ अमेरिकाले शाही नेपालीसंग तालीम रद्ध ग-यो..............दी काठमाण्डौ पोष्ठ ६ अप्रील ,२००५*
*॥२॥कोइराला नेपाल वाहेक अरु स्वीकार्य छ राजालाई............दी काठमाण्डौ पोष्ठ १४अप्रील ,२००५*
*॥३॥ राजाको तक कार्ड ताइवान माथि.................दी इस्टेटस्यान १७,मार्च,२००५*
*॥४॥ यदि सैनीक सहायता मागभएमा पाकिस्तानले दिने..........कान्तिपुरअनलाईन,३० मार्च २००५*
*॥५॥ सेनाले काठमाण्डौ बाहीर जाने र भित्र आउने गाडीहरुलाई सुरक्षा......नेपाल नीउजडटकम,३अप्रील, २००५*
*॥६॥ ७ ट्याङकरहरुको यातायात अनुमति रद्ध.............दी काठमाण्डौ पोष्ट ५ अप्रील,२००५*
*॥७॥ विस्थापीत परिवार,केटाकेटीहरु सहीत भारत तीर..... दी काठमाण्डौपोष्ठ, २० मार्च २००५*
*॥८॥ १० पत्रकारहरु अझै थुनामा............................नेपालनीउजडटकम, २४ मार्च २००५*
*॥९॥ मानवअधिकारवादीको समुहले रा.मा.आ.लाई........दी काठमाण्डौपोष्ट, ५ अप्रील २००५*